म.जि.प्र.का दर्ता न:
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २५३ २०८१ साउन २१ गते सोमबार 5 August 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-




## नागरिकसँग भाग्ने स्थानीय सरकार



*अस्वस्थ भनिएकी नगरप्रमुख मिनाकुमारी लामा शुक्रबार हेटौँडामा एक स्कुटरको शोरुम उद्घाटन गर्नुहुँदै ।*

सुरेश श्रेष्ठ

हेटौँडा: स्थानीय सरकारलाई नागरिकको नजिकको सरकारको रुपमा परिभाषित गर्ने गरिएको छ। मुलुक संघीय गणतन्त्रमा रुपान्तरित भएपछि तीन तहको सरकारको परिकल्पना गरिएको छ। संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारबीच एकल अधिकार र साझा अधिकारको परिकल्ना गरिएको छ। तीन तहको सरकारमध्ये तल्लो तहको रुपमा स्थानीय सरकारलाई शक्तिशाली र बढीभन्दा बढी अधिकार प्रत्यायोजन गरिएको छ। नागरिकले हेर्दा देखिने, छाम्दा भेटिने नजिकको सरकार भनिरहँदा हेटौँडा उपमहानगरपालिका सरकार भने नागरिकसँग निरन्तर भागिरहेको छ।

उद्योगी, व्यवसायी नागरिकले स्थानीय सरकारले लागु गरेको नयाँ करको दरले व्यवसायी, उद्यमीलाई मार परेको, मारमा परेका व्यवसायी, उद्यमीलाई दोहोरो मारको स्थिति निम्तिएको भन्दै भेटेर गुनासो गर्न, आफ्ना सरोकारको विषयमा ध्यानाकर्षण गराउन खोज्दा सरकार प्रमुख र उपप्रमुख भेट्न मुस्किल परेको छ। गत शुक्रबार नगर प्रमुखलाई भेट्न भनेर मकवानपुर उद्योग बाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता नेतृत्वको टोलीले उपमहानगरपालिकाको कार्यालय पुगे पनि नगरप्रमुख मीनाकुमारी लामालाई भेट्न पाएनन्। चालु आर्थिक वर्षका लागि उपमहानगर पालिकाले निर्धारण गरेको करको दर उच्च भएको भन्दै त्यसलाई पुनरावलोकन गर्न आग्रहसहित नगरप्रमुख मीना कुमारी लामालाई व्यवसायीले भेट्न खोजेका थिए। तर, शुक्रबार दिउँसो व्यवसायीले भेट्न खोज्दा सन्चो छैन भन्नुभएकी नगर प्रमुख लामा सोही समय स्कुटरको शोरुम उद्घाटन गर्न व्यवसायीकै कार्यक्रममा सहभागी भइरहुनभएको थियो। नगर प्रमुखलाई भेटिने अवस्था नभएपछि व्यवसायीले उपप्रमुख राजेश बानियाँलाई ध्यानकर्षणपत्र बुझाएका थिए।

आइतबार निर्माण व्यवसायी संघ मकवानपुरले पनि नगरप्रमुखलाई भेटेर ज्ञापनपत्र बुझाउने प्रयास गरेको थियो। निर्माण व्यवसायीले शुक्रबार नै भेट्ने प्रयास गरे पनि नगरप्रमुखले स्वास्थ्यमा समस्या भएको भनेपछि आइतबारलाई समय मागेका थिए। आइतबार पनि नगर प्रमुखले १९ नम्बर वडामा छु भन्दै पालिकामै पुगेका व्यवसायीको समूहलाई भेट्ने अवस्था रहेन। नगरप्रमुख,

### (समाचार टिप्पणी)

उपप्रमुखलाई नभेटिएपछि व्यवसायीले प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई ज्ञापनपत्र बुझाएका छन्। नगर प्रमुखले व्यवसायीसँग भेट्नै नखोज्नु, भागिरहनुले स्थानीय सरकारको मर्ममाथि समेत प्रश्न चिन्ह खडा हुने स्थिति छ।

नगरवासी व्यवसायीलाई प्रभावित हुने गरी कानुन ल्याउने, कानुन ल्याउँदा सरोकारवालासँग पर्याप्त छलफल नगर्ने, छलफल गरे पनि छलफलको निश्कर्ष विपरित कानुन आउने अवस्थाले जनविश्वास घट्ने निश्चित छ। स्थानीय सरकारको कामको प्रशंसा र आलोचना दुवै हुन सक्छ। एउटै कामको एक पक्षले प्रशंसा गरिरहँदा अर्को पक्षले आलोचना गर्न सक्छ। यस्तो अवस्थामा प्रशंसालाई स्वीकार्ने, आलोचनालाई नकार्नु हुन्न। आलोचनाका आधारहरुलाई केलाएर कमिकमजोरी औँल्याउने र प्रशंसाका आधारहरु पनि केलाउन सक्नुपर्छ।

पछिल्लो दुई वर्ष व्यवसायीहरु चरम मारमा छन्। स्वयम् सरकारले व्यवसायीलाई लगाएको कामको भुक्तानी दिन सक्ने अवस्था छैन। देशका अन्य पालिकामा राजश्वको दर बढेको छैन, बरु सक्दा पालिकाहरुले सहुलियत दिएका छन्। यस्तो पृष्ठभूमिमा हेटौँडामा भने नगरप्रमुख लामा र उपप्रमुख बानियाँले आपसमा आरोप प्रत्यारोप गरेर नगरवासीलाई भ्रममा राख्नु उचित हुन्न। नगरप्रमुख लामा गैरजिम्मेवार भएर करको जिम्मेवारी आफ्नो नभई उपप्रमुखको भएको बताउँदै आउनुभएको छ। उपप्रमुख बानियाँ पनि आफू र आफू मातहतको संयन्त्रबाट नभई नगरसभाले नै पारित गरेको जीकिर गरिरहनु भएको छ। यता नगरसभा सदस्य सुरज बर्तौला भने नगरसभामा राजश्वको दरको विषयमा छलफल नै नभएको, कुनै किसिमको निर्णय नै नभएको बताउनुहुन्छ। ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल पनि राजश्व परामर्श समिति, कार्यपालिका र नगर सभाले पारित गरेको ऐनको विषयमा नगरवासी, करदाताको विमति हुँदा आवश्यकताअनुसार सच्याएर जानुपर्ने धारणा राख्नुभएको छ।

अझ नगरसभाको विषयमा नगर प्रमुख, उपप्रमुख र प्रशासकीय अधिकृतको कुरा सुन्दा अचम्म लाग्दो छ। पालिकाको प्रमुख तीनै जनाकै भनाइमा एकरुपता छ कि नगरसभा बोलाइहाल्ने विषय होइन। नगरसभा आयोजना गर्दा खर्च हुन्छ भन्ने जस्तो गैरजिम्मेवार अभिव्यक्ति तीनैजनाको छ। स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १९ मा पालिकाको सभा सामान्यतया वर्षको दुईपटक बस्नेछ भनिएको छ। ऐनमा भएको यो व्यवस्थालाई बढीमा दुईपटक भनिएजस्तो गरी पालिकाहरुले सामान्यत: वर्षमा दुईपटक भन्दा बढी पालिकाको सभा आयोजना गर्ने गरेको छैन। कतिपय पालिकामा वर्षमा दुईपटक सभा समेत सञ्चालन गर्न नसक्दा बजेट ल्याउन नसकेको अवस्था छ।

नगरसभालाई छरितो र अर्थपूर्ण बनाउँदै वृहत सहभागितालाई सुनिश्चित गर्न सके पालिकावासीले स्थानीय सरकारको काममा अपनत्व लिन सक्ने थिए। स्थानीय सरकारले पालिकाको समग्र विकासमा गुणात्मक लाभ हासिल गर्न सक्ने थियो। तर, हेटौँडाको सन्दर्भमा नगरप्रमुख र उपप्रमुखसँगै सिंगो कार्यपालिका नै जिम्मेवार हुन सकेको देखिँदैन। संघीय र प्रदेश सरकार जस्तो होइन स्थानीय सरकार। नगरभित्रै रहेका जनप्रतिनिधि भेला भएर नगरवासीको हितमा, नगरवासीको सहजताका लागि निर्णय गर्न हिच्किचाउनै पर्दैन। नगरवासीका जायज मुद्दालाई खर्चको पाटोबाट अवमूल्यन गरिनुहुन्न। त्यसो त आम नगरवासीको दृष्टिकोणमा स्थानीय सरकारले हालसम्म गरेको खर्चको औचित्य पुष्टि हुन्न। खर्चकै चिन्ता हो भने भात र भत्ता बिना पनि नगरपरिसरमै उभिएर जनताको भावनाअनुरुप निर्णय गर्ने गरी नगरसभा आयोजना गर्न सम्भव छ।

यस्तो सन्दर्भमा राजश्व वृद्धिको ढाँचालाई हेर्दा पालिकालाई चाहिने बजेट यसरी सजिलै उठ्छ भन्ने शैलीमा परिवर्तन गरिएको छ। राजश्व वृद्धिका आधारहरु व्याख्या गर्न नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखाका प्रमुखले आँट गर्नुहुन्न। गुनासो गर्न, ध्यानाकर्षण गराउन आउँछु भन्दा पनि भेट्न नखोज्नेहरुले सरकार चलाउँछ भनेर कसरी विश्वास गर्न सकिन्छ ? यतिबेला नगरवासीले राजश्वको अस्वभाविक वृद्धिलाई सुधार मात्रै भनेका छन्। नगरवासीले स्थानीय सरकारको समग्र खर्चको विवरण स्पष्ट पार, खर्चको औचित्य पुष्टि गर भन्यो भने के हुन्छ होला नगरप्रमुख, उपप्रमुख र प्रशासकीय अधिकृतको हालत ? त्यतिबेला भागेर भ्याइन्छ ?

## निर्माण व्यवसायीले भने, उपमहानगरले बढाएको राजश्व तिरेर नवीकरण गर्न सक्दैनौं

समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगरपालिकाले व्यवसाय कर वृद्धिको विरोधमा निर्माण व्यवसायी संघ मकवानपुरले हेटौँडा उपमहानगरपालिकालाई ज्ञापनपत्र बुझाएको छ। संघका महासचिब राजेन्द्र प्रसाद चौलागाईंको नेतृत्वमा आइतबार व्यवसायीको समूहले नगरप्रमुखलाई ज्ञापनपत्र बुझाउने प्रयास गरे पनि नगरप्रमुख र उपप्रमुख अनुपस्थित हुनुभएपछि प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई व्यवसायीले ज्ञापनपत्र बुझाएका छन्।



*प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई ज्ञापनपत्र बुझाउँदै निर्माण व्यवसायीहरु ।*

निर्माण व्यवसायी चरम मारमा परेको अवस्थामा व्यवसाय कर बढाउँदा निर्माण व्यवसायीले व्यवसाय नवीकरण नै गर्न नसक्ने अवस्था सिर्जना भएको संघले ज्ञापनपत्रमा उल्लेख गरेको छ। बजारको माग र आपूर्ति सन्तुलन पुरै बिग्रिएको अवस्थामा व्यवसाय तथा बजार उकास्ने नीति लिनुपर्ने नगरपालिका जस्तो अभिभावक संस्थाले कर बढाउनु गैरजिम्मेवारीपन भएको संघले जनाएको छ। व्यवसायीको ज्ञापनपत्र बुझ्नुहुँदै प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले नगरपरिषद्को निर्णयबाट बढाइएको करको दर सच्याउन नसकिने बताउनुभयो। आगामी पुसमा हुने नगरसभामा सुधार गर्न सकिने र त्यसअघि नगर कार्यपालिकाले व्यवसाय नवीकरणको म्याद थप्न सक्ने उहाँको भनाई छ।

हेटौँडा उपमहानगरपालिकाले गत आर्थिक वर्षमा 'क', 'ख', 'ग' र 'घ' वर्गको निर्माण व्यवसायीको नवीकरण शूल्क क्रमश: सात हजार पाँच सय, पाँच हजार, चार हजार र तीन हजार रुपैयाँ कायम गरेको थियो भने चालु आर्थिक वर्षका लागि १० हजार, आठ हजार, सात हजार र पाँच हजार रुपैयाँ कायम गरेको छ। हेटौँडा उपमहानगरपालिकामा करिब चार सय निर्माण व्यवसायी रहेको संघले जनाएको छ।

हेटौँडा उपमहानगरपालिकाले प्रतिस्पर्धामा निर्माण कार्य नगरी उपभोक्ता समितिमार्फत काम गर्ने गरेको भन्दै संघले ध्यानाकर्षण गराएको छ। यसअघि गत शुक्रबार मकवानपुर उद्योग वाणिज्य संघले पनि हेटौँडा उपमहानगरपालिकाको कर वृद्धिको विरोध जनाउँदै ध्यानाकर्षणपत्र बुझाएको थियो। निर्माण व्यवसायी संघले पनि शुक्रबार नै ज्ञापनपत्र बुझाउने भने पनि नगर प्रमुख र उपप्रमुखले व्यस्त रहेको भनेपछि ज्ञापनपत्र बुझाउने कार्य आइतबारका लागि सारिएको थियो।

गत शुक्रबार मकवानपुर उद्योग वाणिज्य संघले ज्ञापनपत्र बुझाउन जाँदा पनि नगरप्रमुख मीनाकुमारी लामा अस्वस्थ भएको भन्दै कार्यकक्षमा अनुपस्थित हुनुभएपछि उपप्रमुख राजेश बानियाँलाई ज्ञापनत्र बुझाइएको थियो। नगरप्रमुख लामाले अस्वस्थ रहेको भन्नुभएपनि सोही समयमा उहाँ हेटौँडामै एउटा स्कुटर शोरुमको उद्घाटनमा व्यस्त हुनुहुन्थ्यो।



## सम्पादकीय

# पूर्ण र निरन्तर स्तनपान

अहिले विश्वभर स्तनपान सप्ताह चलिरहेको छ । प्रत्येक वर्ष अगस्त १ देखि ७ सम्म स्तनपान सप्ताह मनाइन्छ । यस वर्ष गत साउन १७ गतेदेखि सुरु भएको स्तनपान सप्ताह साउन २३ गतेसम्म रहनेछ । विश्व स्वास्थ्य संगठनको आह्वानमा सन् १९९० देखि हरेक वर्ष विश्व स्तनपान सप्ताह मनाउन सुरु गरिएको हो । यस वर्ष "स्तनपानमा समानता: सबैको सहयोग र सहभागिता" भन्ने नारासहित स्तनपान सप्ताह मनाइरहेको छ । स्तनपान भन्नाले शिशुलाई जन्म दिएपछि आमाले आफ्नो स्तनबाट निस्कने प्राकृतिक दूध खुवाउनु हो । शिशु जन्मेको जतिसक्दो चाँडो एक घण्टाभित्र आमाको दूध खुवाउन सुरु गर्नुपर्छ । आमाको दूध बालबालिकाको लागि अमृत समान हो । यसले बालबालिकाको जीवन रक्षा गर्दछ । यसमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज तत्वहरु हुन्छ । शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमा पाइने हुनाले शिशु जन्मेदेखि ६ महिना पूरा नभएसम्म आमाको दूधमात्र खुवाउनुपर्छ । शिशुलाई कम्तिमा दुई वर्षसम्म निरन्तर स्तनपान गराउनुपर्छ ।

आफ्नो शिशुलाई स्तनपान गराउने कुरा आमालाई जानकारी हुन्छ नै । तर, यसबारे विस्तृतरुपमा जानकारी नहुन सक्छ । शिशु जन्मिएको एक घण्टाभित्र वा जतिसक्दो चाँडो स्तनपान गराउने, पूर्ण स्तनपान गराउने वा ६ महिनासम्म शिशुलाई आमाको दूधमात्र खुबाउने र निरन्तर स्तनपान अर्थात् कम्तिमा २ वर्षसम्म अन्य खानेकुरासँगै आमाको दूध पनि पर्याप्त खुवाउने कुरा आमालाई थाहा हुनैपर्छ । पर्याप्त र सही जानकारी वा चेतनाको अभावले कतिपय शिशुहरु आमाको दूध खानबाट वञ्चित हुनपरेको छ । शिशु जन्मेको १ घण्टाभित्र दूध चुसाउने आमाको संख्या ग्रामीण क्षेत्रमा ६३ प्रतिशत भए पनि शहरी क्षेत्रमा ५१ प्रतिशतमात्र रहेको तथ्यांकले पूर्ण र प्रभावकारी स्तनपानको कमी रहेको स्पष्ट हुन्छ । शिशुलाई ६ महिनासम्म आमाको दूधमात्र खुवाउनेको संख्या ६८ प्रतिशत रहेको तथ्यांक छ । सुदूरपश्चिम प्रदेशमा ६ महिनासम्म स्तनपान गराउने आमाको संख्या ७४ प्रतिशत छ भने बागमतीमा ४३ प्रतिशत छ । अझ लुम्बिनी प्रदेशमा जम्मा ३६ प्रतिशतमात्र स्तनपान गराउने आमाको संख्या छ ।

शिशुलाई २४ घण्टामा १० देखि १२ पटकसम्म स्तनपान गराउनुपर्दछ । आमाहरुमा चेतनाको कमीले दिनमा ३-४ पटकमात्र स्तनपान गराउने गरेको पाइन्छ । बोतलको दूध वा अन्य लेक्टोजिनजस्ता कृत्रिम तयारी दुग्ध पदार्थ खवाउने चलन पनि उतिकै छ । एउटा स्तनको दूध खुवाउँदा कम्तिमा १५ मिनेटसम्म चुसाउनुपर्छ । एउटा स्तनको दूध पूरै सकाएरमात्र अर्को स्तनको दूध खुवाउन सुरुवात गर्नुपर्छ । यसो गरेमा मात्र शिशुले दूधबाट प्राप्त गर्नुपर्ने पानीदेखि सम्पूर्ण पोषक तत्वसमेत प्राप्त गर्न सक्दछ । कतिपय आमाहरुमा स्तनपान गराउँदा स्वास्थ्य बिग्रन्छ भन्ने गलत मान्यता रहेको छ । तर, नियमित स्तनपान गराउँदा आमाको शरीर फूर्तिलो बन्नुका साथै विभिन्न प्रकारका क्यान्सरबाट बच्न सकिने अध्ययनले देखाएको छ ।

स्तनपानलाई अपरिहार्य आवश्यकताका रुपमा सबैले आत्मसात् गर्नु आवश्यक छ । जन्मिसकेपछि यथाशीघ्र स्तनपान गर्न पाउनु प्रत्येक नवजात शिशुको नैसर्गिक अधिकार हो । शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमै पर्याप्त हुने भए पनि चेतना अभावले शिशुहरु पूर्ण स्तनपानबाट वञ्चित हुनुपरेको छ । आमाको दूधमा रोगसँग लड्ने क्षमता भएका कारण पहिलो खोप मानिन्छ । शिशुलाई पूर्ण स्तनपान नगराउँदा कुपोषणको समस्या पनि देखिने गरेको छ । स्तनपान गराउनुपर्छ भन्ने ज्ञान हुनेहरुले पनि कृत्रिम दूध खुवाउने प्रचलन बढ्दै गएको छ । आमालाई स्तनपान गराउनुपर्छ भन्ने चेतना वृद्धि गर्न र शिशुले पूर्ण स्तनपानको अधिकार पाउन स्तनपान सप्ताहले सहयोग पुऱ्याउनुपर्छ । स्तनपान सप्ताह मनाउने क्रममा आयोजना गरिने कार्यक्रमहरुले शिशुलाई पूर्ण र निरन्तर स्तनपान गराउन सन्देश प्रवाह गर्नुका साथै स्तनपानको उचित प्रबन्ध गर्न सक्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : विपरित परिस्थितिलाई जितिने समय योग छ । |
| वृष | : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुने समय छ । |
| मिथुन | : परोपकार र आनन्दमा मन जाने समय योग छ । |
| कर्कट | : हाँके ताकेका काममा पूर्णता प्राप्त हुने समय छ । |
| सिंह | : विश्वासको कमिले आपसी मनमुटाव बढ्ला । |
| कन्या | : भद्रभलादमीको संगतले काममा पूर्णता । |
| तुला | : सामाजिक उत्तरदायित्व बढ्ने समय योग छ । |
| वृश्चिक | : हिम्मत र साहसले काममा पूर्णता प्राप्त । |
| धनु | : नोकरीमा चुनौती र जोखिम झेल्ने समय छ । |
| मकर | : शत्रु र रोगमाथि विजय प्राप्त हुने समय छ । |
| कुम्भ | : परीक्षा प्रतियोगितामा सरिक भईने समय योग छ । |
| मीन | : सामाजिक र धार्मिक काममा सरिक भईने छ । |

# आवश्यकता गम्भीर आत्मसमीक्षाको



अहिलेको विश्व राजनीति, विज्ञान र प्रविधिको विकास, आम जनतामा प्रविधिको पहुँचलगायत सबै विषयलाई हेर्दा परम्परागत राजनीतिक दलको पक्षमा उभिने स्थिति छैन । एजेण्डा के छ ? व्यवहार के गरेको छ ? भन्ने कुरालाई जनताले मानक बनाउने भएकाले हिजोका राजनीतिक दलले नेतृत्व लिन सक्दैन ।

आजका जनता विचार वा उधारोको पक्षमा छैनन्, तत्कालीन मुद्दामा को खरो रूपमा उत्रिन्छ भन्ने विषय महत्त्वपूर्ण छ । उनीहरूमा राजनीतिक दल र नेतृत्व ठिक भएन भन्ने छ । त्यो चाहे कांग्रेस होस्, चाहे एमाले होस् वा चाहे माओवादीकै हकमा किन नहोस् ।

तर, देशको नेतृत्व गर्ने राजनीतिक दलले नै हो । सुशासन, सामाजिक न्याय, समृद्धि, ज्ञान, विज्ञान, रोजगारको पक्षमा दृढ रूपमा माओवादी उभिएको छ । पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारको भ्रष्टाचार विरोधी आन्दोलनले आत्तिएर अनैतिक पृष्ठभूमिबाट नयाँ समीकरण बन्ने स्थिति बनेको जनताले विश्वास गरेका छन् । यसैलाई संगठित गरेर जाँदा ०८४ को निर्वाचनमा माओवादीप्रति जनता जाग्ने देखिन्छ ।

सरकारमा लामो समय बसियो तर पार्टी तेस्रो भयो । माओवादी नेतृत्वको सरकारले गरेको पछिल्लो कामले जनतामा सकारात्मक प्रभाव परेको छ । यसलाई नै संगठित गरेर ०८४ को निर्वाचनको तयारी गर्दा पार्टीलाई राम्रै हुन्छ ।

यसका लागि पार्टीलाई बलियो बनाउनुपऱ्यो । पार्टीभित्रका फरक विचार लाई एकताबद्ध गर्नुपऱ्यो । आन्तरिक अन्तर्विरोधलाई मसिनो गरी केलाएर हल गर्नुपऱ्यो । नेताहरूको योग्यता र क्षमता अनुसार जिम्मेवारी दिनुपऱ्यो । नेताहरूको कार्यविभाजन र कार्यविन्यास गर्नुपऱ्यो । एजेण्डा र मुद्दा मिल्नेहरू खासगरी समाजवादी मोर्चालाई कामकाजी बनाउनुपऱ्यो ।

मोर्चालाई बैठक बसेर समय कटाउने मात्र गर्नुभएन । मोर्चा गठनको औचित्य पुष्टि गर्न सक्नुपर्छ । ०८४ सम्म लम्बे अभियानमा हिँड्नु पऱ्यो । जनताले सुझाव दिन चाहेका छन्, गुनासा सुनाउन र आलोचना गर्न चाहेका छन् । पार्टीलाई बलियो बनाउन, संगठन विस्तार गर्न, हिमाल- पहाड र तराईमा अभियान चलाउनुपर्छ । यति भएमा माओवादी जाग्छ ।

### वैचारिक र एजेण्डाको हिसाबले माओवादी नै अग्रगामी

वैचारिक र एजेण्डाको हिसाबले पनि माओवादी अग्रगामी छ । आजको दिनमा एमाले वामपन्थी हो कि होइन भनेर सैद्धान्तिक बहस भएको छ । एमाले किन दलालसँग उभिएको छ ? वामपन्थी एलायन्सभन्दा विपरीत किन उभिएको छ ? यसबारे सैद्धान्तिक बहस खुलमखुला र मानिसले अनुभूति हुने ठाउँमा पुग्यो ।

अहिले बनेको केपी ओली नेतृत्वको सरकारबाट एमालेको वर्ग के हो भन्ने छर्लङ्ग देखिरहेको छ । मदन भण्डारीको जबज लुकाउने खालको समीकरण बनाएर त्यस प्रकारको वर्गको संरक्षणमा जाने, जुन वर्गीय धरातल हो त्यसलाई लत्त्याएर दलालहरूको क्याम्पमा उभिने-एमाले वामपन्थी हो कि होइन यसमा सैद्धान्तिक बहस गर्नुपर्ने देखिन्छ । माओवादी पनि वामपन्थी चरित्रको छ कि छैन बहस गर्नुपर्छ तर तुलनात्मक हिसाबमा एमालेभन्दा माओवादी नै वामपन्थी विचारको पक्षपोषक शक्ति हो भन्ने कुरा देखियो । माओवादी र एमालेभित्र पनि वामपन्थी विचारलाई रोक्नेसँग वैचारिक बहस चलाएर जाँदा ०८४ मा राजनीतिक, वैचारिक, सांगठनिक, एजेण्डागत तयारी पुग्छ ।

### माओवादीले गम्भीर आत्मसमीक्षा गर्नुपर्छ

माओवादीले आफ्ना कमजोरीको गम्भीर समीक्षा, आत्मस्वीकारोक्तिसहित जनतामा जानुपर्छ । के कारण हामी कमजोरी भयौं ? यद्यपि संसदीय राजनीतिको हामी कच्चा खेलाडी नै थियौं, बुझेनौं ।

पछिल्लो सबै घटनाक्रम जनताले बुझ्ने गरी परिवेश तयार भएको छ । आज यी सबै उपलब्धिहरू माओवादीले ल्याउँदा-ल्याउँदै पनि लाभ कांग्रेस र एमालेले लिए । कांग्रेस-एमाले समीकरण देशको हितमा छैन । यसले जनतालाई राम्रो शासन व्यवस्था दिन सक्दैन । जनताले सिधै देख्ने र हामीले बुझाउन सक्ने गरी अहिले राम्रो संयोग भएको छ । यी कुरा जनतालाई बुझाएर जान सकियो भने माओवादीलाई अवसर छ ।

भ्रष्टाचारविरोधी अभियान चलाउन सकियो भने राम्रो हुन्छ । जनताले सुशासन चाहेका छन् । समृद्धिको सुरुवात नै त्यहाँबाट हुन्छ । अहिले सत्य उठ्न नपाउँदै असत्यले सत्यको लुगा लगाएर संसार भ्रमण गरे जस्तो भयो ।

गणतन्त्र, संघीयता, समावेशी लोकतन्त्र नभई कांग्रेस र एमाले पनि जनतामा जान नसक्ने अवस्थामा छन् तर बाध्यात्मक रूपमा स्वीकारेका थिए भन्ने कुरा स्पष्ट भयो । यहाँसम्म आउँदा भ्रमको पर्दा च्यातिएको छ । यी सबै कुरा जनताले बुझेका छन् । तर हाम्रो पनि कतिपय कमिट्मेन्ट जनताले खोजिरहेका छन् ।

युवा विद्यार्थी, मजदुर, किसान लगायतका पेसागत जनवर्गीय संगठनहरुलाई एकताबद्ध गरेर संगठनात्मक स्वायत्तासहित परिचालन गर्ने, निर्देशन गर्ने, सिंगो पार्टी पङ्क्तिमा आशा जगाउने, सबैलाई अवसर दिलाउने, दुःख गरेकालाई संरक्षण गर्ने, सम्मानित हुने वातावरण बनाउने कुरामा हाम्रो कमजोरी भएका छन् ।

माओवादीको नेतृत्वमा सरकार हुँदा गरेका राम्रा कामका जनतासम्म लैजाने, सरकारको निरन्तर खबरदारी गर्ने र अघिल्ला कामको फलोअप गर्नुपर्छ । यसमा प्रचण्ड अझै पनि आशावादी छन् । सरकार छोड्नु परेकोमा उहाँमा कुनै निराशा देखिएको छैन । आजको समयका नेता प्रचण्ड नै हुन् । उहाँकै नेतृत्वमा पार्टीलाई गतिशील बनाएर लैजानुपर्छ ।

*(रञ्जित तामाङ माओवादी केन्द्रका केन्द्रीय सदस्य हुन् । अध्यक्ष प्रचण्डसँगको भेटपछि कुराकानीमा आधारित सम्पादित विचार । स्रोत: रातोपाटी)*

# बच्चाको ढिला सुत्ने बानी कसरी हटाउने ?

बालबालिकाको शारीरिक र मानसिक विकासका लागि पर्याप्त निद्रा अति आवश्यक हुन्छ । तर अहिलेका बालबालिका रातमा अबेरसम्म मोबाइल, ल्यापटपमा अभ्यस्त छन् ।

एक त आमाबाबु आफैं ढिला सुत्छन् । अर्को भनेको बच्चाले डिस्टर्ब नगरुन् भनेर उनीहरूलाई पनि मोबाइल वा टिभी हेर्न दिन्छन् ।

बालबालिकालाई त्यसपछि के चाहियो । उनीहरू धीत मरुन्जेल सामाजिक सञ्जालमा चौबीसै घण्टा आइराख्ने सामग्री, गेमहरू हेरेर अबेर सुत्ने र ढिला उठ्ने बानी विकास भइरहेको हुनसक्छ । जसको प्रभाव उनीहरूको दैनिकीमा परिरहेको छ ।

हेर्दा सामान्य लाग्छ, तर राति अबेर सुत्ने बानीले बच्चामा मोटोपन, एकाग्रतामा कमी, आलस्यता बढाउँदै गएको देखिन्छ ।

अबेर सुत्ने बानी कदापि राम्रो हुन सक्दैन । यो बानी हटाउन बच्चालाई सानैदेखि सुत्ने र उठ्ने निश्चित तालिका अभिभावकले बनाइदिनुपर्छ ।



### के गर्ने त ?

### बेलुकाको खाना छिटो खानुपर्छ

बच्चालाई समयमै सुताउन बेलुकाको खाना सूर्यास्त हुने बित्तिकै खुवाउनुपर्छ । यसले खाना छिटो पच्न पनि मद्दत गर्छ । बेलुकाको खाना र बालबालिकाको सुत्ने समयबी कम्तीमा २ देखि ३ घण्टाको अन्तर हुनुपर्छ । यसो गर्दा एसिड रिफ्लक्स र अन्य पाचन समस्याबाट बच्न सकिन्छ ।

### खानपानमा ध्यान दिने

बच्चाको निद्रा र खाने बानीबीच गहिरो सम्बन्ध हुन्छ । बच्चाले बेलुकाको खानामा जे खान्छ त्यसले उसको निद्रामा असर गर्छ । त्यसैले बच्चालाई सुत्ने समयमा मिठाई, चकलेट, जुस, कफी लगायत टाढा राख्नुपर्छ ।

किनभने गुलियो तथा क्याफिनयुक्त पेयले उनीहरूलाई ऊर्जा दिन्छ, जसकारण तिनीहरू सक्रिय हुन्छन् र चाहेर पनि सुत्न सक्दैनन् । त्यसैले बच्चाको बेलुकाको खानालाई सधैं हल्का बनाउनुपर्छ । यसले उनीहरूमा आरामको अनुभूति गराउनेछ र सजिलै निदाउन सक्छ ।

### स्क्रिन समयमा ध्यान दिनुहोस्

सामान्यतया बालबालिकाले आफ्ना आमाबाबुसँग लामो समय टिभी वा मोबाइल हेर्छन् । स्क्रिनबाट नीलो प्रकाशले बालबालिका र वयस्कहरूको निद्रामा बाधा पुऱ्याउँछ । त्यसैले बच्चालाई सुत्नुभन्दा कम्तीमा एक घण्टा अगाडि स्क्रिनबाट टाढा राख्नुपर्छ ।

### चिनी र क्याफिन कम गर्ने

बालबालिकालाई चिनी र क्याफिनबाट टाढै राख्नुपर्ने भएपनि अधिकांश बालबालिकाले सुत्नुअघि दूध पिउने गर्छन् । जसमा कफी वा चकलेटको पाउडर पनि मिसाइन्छ ।

तर चिनी र क्याफिन दुवै निद्राका शत्रु हुन् । त्यसैले बच्चालाई सुत्नुअघि दूध नदिनुहोस् । बच्चाहरूलाई दूध खुवाउने सबैभन्दा राम्रो समय साँझ ४ देखि ६ बजेसम्म हो ।

सुत्ने समयको तालिका बनाउनुहोस्

सुत्नु भन्दा कम्तीमा ३० मिनेट पहिले बच्चालाई किताबहरू पढाउन लगाउने, कथाहरू सुनाउने गर्ने हो भने उनीहरूमा छिटो सुत्ने बानी पर्छ । यसबाट उनीहरु मानसिक र शारीरिक रूपमा सुत्न तयार हुन्छन् । तर यो समयमा बच्चालाई सुत्नुअघि खेल्ने वा ठट्टा गर्ने जस्ता गतिविधि गर्नु हुँदैन । यसले बच्चाको दिमाग सक्रिय रहन्छ र उनीहरु निदाउन चाहँदैनन् ।

### निन्द्रा लाग्ने वातावरण

सफा, स्वच्छ र शान्त वातावरण राम्रो निद्राका लागि धेरै महत्त्वपूर्ण छ । बच्चाका निद्रामा कुनै प्रकारको गडबडी नहोस् भन्ने हिसाबले उनीहरूको कोठा तयार गर्नुपर्छ । त्यसका लागि उनीहरूको कोठा सफा हुनुपर्छ । सिरानी, डस्ना सफा र सहज हुनुपर्छ । उनीहरू सुत्ने कोठामा बाहिरको होहल्ला आउनु हुँदैन । बत्ती मधुरो राख्नुपर्छ । बच्चाहरुमा रातिको लागि हल्का पहिरन लगाइदिनुपर्छ ।

*(स्रोत: अनलाईखबर)*

# ४७ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-११ स्थित सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्रको आयोजनामा भएको रक्तदान कार्यक्रममा ४७ जनाले रक्तदान गरेका छन् । आइतबार बिहान थानाभन्याङ्गमा भएको कार्यक्रममा ७ जना महिला र ४० जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाले जनाएको छ । हेटौंडा-११ स्थित नेपाल इकरात इन्जिनियरिङ्गको सहकार्यमा कार्यक्रम भएको थियो। रक्तदान कार्यक्रममा सेवा केन्द्रका अध्यक्ष देवकुमार श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटी मकवानपुरका उपसभापति खेमराज सापकोटा र उपमन्त्री शिवहरि दाहालको उपस्थिति रहेको थियो। यस्तै, शुक्रबार हेटौंडा-१० स्थित विद्युत् प्राधिकरणमा रक्तदान कार्यक्रम हुने भएको छ। आइतबार भएको रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो।

# १४ जनामा डेंगु संक्रमण

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा डेंगु संक्रमण देखिने क्रम बढ्दै गएको छ। आइतबार मकवानपुरमा १४ जनामा डेंगु संक्रमण भेटिएको छ । जनस्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको तथ्याङ्कअनुसार आइतबार हेटौंडा उपमहानगरपालिकाका १२ जनामा डेंगु संक्रमण पुष्टि भएको हो। यस्तै, बकैया गाउँपालिकाका एक जना बासिन्दा र अन्य जिल्लाका एक जनामा डेंगु पुष्टि भएको छ । चालु आर्थिक वर्षको हालसम्म ४३ जनामा डेंगु पुष्टि भइसकेको छ। २० दिनको अवधिमा हेटौंडा उपमहानगरपालिकाका ३५ जना, मकवानपुर गढी गाउँपालिकाका ४ जना, मनहरी गाउँपालिका र बकैया गाउँपालिकाका एक-एक जनामा डेंगु पुष्टि भइसकेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । एक जना भने मकवानपुर बाहिरका रहेका छन्।


## महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि.

पदमपोखरी, हेटौंडा-१३, मकवानपुर

### दरखास्त आह्वान सम्बन्धी सुचना

*(प्रथमपटक सूचना प्रकाशित मिति २०८१/०४/२०)*

हेटौंडा उपमहानगरपालिका वडा नं. ४, ८, ९, १०, १२, १३ र १४ (साविक पदमपोखरी गा.वि.स) कार्य क्षेत्र भई विगत २४ वर्षदेखि महिलाहरुको आर्थिक तथा सामाजिक पक्षलाई सुधारको प्रमुख लक्ष्य लिई अनवरत रुपमा वित्तीय कारोबार गर्दै आइरहेको देशकै उत्कृष्ट यस महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८१/०४/२० गतेको कर्मचारी छनौट पदपूर्ति उपसमितिको बैठकको निर्णय अनुसार तपसिल बमोजिमको दक्ष, इमान्दार, कर्मनिष्ठ कर्मचारीको आवश्यकता परेकोले योग्यता पगेका नेपाली नागरिकले दरखास्त प्रकाशन मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०५/०२ गते बेलुका ४ बजेसम्म दरखास्तका लागि आह्वान गरिन्छ ।

**विज्ञापन नं. : १/०८१/०८२**

पद : कार्यालय सहायक (OFFICE ASSISTANT)
स्थान : मुख्य कार्यालय, पदमपोखरी
तह : २ (दुई)
संख्या : १ (एक) जना
लिङ्ग : महिला/पुरुष
उमेर : २० वर्ष पूरा भई ३० वर्ष ननाघेको
सेवाको किसिम : करार
परीक्षणकाल : ६ महिना
तलब : परीक्षणकाल पश्चात संस्थाको मानवसंशाधन नीति बमोजिम हुनेछ ।
योग्यता : बाणिज्य तथा मानविकी संकायमा १०+२ तह उत्तिर्ण, कम्प्युटरमा डिप्लोमा गरेको (WORD, EXCEL र POWERPOINT मा निपूर्ण भएको), सफ्टवेयरमा कारोबार गर्न सक्ने, ड्राईभिङ लाईसेन्स (A वा k वर्ग) भएको हुनु पर्ने ।
अनुभव : बैंक वा सहकारीमा १ वर्ष काम गरेको ।
ग्राहयता : कुनै बैंक वा सहकारीमा Internship गरी प्रमाणपत्र लिएको, सहकारी सम्बन्धी तालिमहरु लिएकोलाई ग्राहयता दिइने ।
आवश्यक कागजपत्रहरु : स्वःहस्तलिखित निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु, बायोडाटा, नागरिकताको प्रतिलिपि, कम्प्युटरमा डिप्लोमा तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि, तालिमहरु र कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपिहरु, ड्राईभिङ लाईसेन्सको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति ।
आवेदन फारम शुल्क : रु. ५००/-
अन्य सुविधाहरु : संस्थाको नियमानुसार हुनेछ ।
परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक
सम्पर्क नम्बर : ९८५५००४२३७/९०८४५५३५८६२

**प्रमुख व्यवस्थापक**



## राक्सिराङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

चैनपुर, मकवानपुर

### सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(चौथो पटक सूचना प्रकाशित मितिः २०८१/०४/२१)*

यस गाउँपालिकाको नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० अनुसार नगर प्रहरीको विभिन्न पदहरुमा सेवा करारमा लिने सम्बन्धमा यसअघि प्रकाशित विभिन्न् विज्ञापनहरुमा रितपूर्वक दरखास्त पेश गरेका उम्मेद्वारहरुको छनौट परीक्षा सञ्चालन भएकोमा देहायको पदमा माग गरिएको संस्था अनुसार उम्मेदवारहरुको तोकिएको अवधिभित्र पर्याप्त संख्यामा दरखास्त नपरेकोले पदपूर्ति हुन नसकेकोले उक्त रिक्त पदमा नेपाल सरकारको जङ्गी, सशस्त्र वा जनपद फौजी सेवाबाट अवकाशप्राप्त वा कम्तीमा ५ वर्ष अनुभव भएका र तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुले यस सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएको ढाँचामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यस सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम कार्यालयको वेवसाईटमा www.raksirangmun.gov.np बाट निशुल्क उपलब्ध हुनेछ ।

| क.स | विज्ञापन नं. | पद | जम्मा माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०८१/८२ | नगर प्रहरी जवान | पुरुष ३ जना | रु ३०० | |

**१. आवश्यक योग्यताः**
प्रकाशित भएको मितिसम्ममा १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।
मान्यताप्राप्त शैक्षिक संस्थाबाट आठ कक्षा वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।
नैतिक पतन देखिने कुनैपनि फौजदारी कसुरमा कसुरदार नठहरिएको ।
शरीरको उचाई कम्तिमा ५ फिट २ ईन्च भएको ।
छातिको नाप फुलाउँदा कम्तीमा ३३ ईन्च र नफुलाउँदा कम्तीमा ३१ ईन्च भएको ।
आँखा माईनस वा प्लस २ भन्दा कमजोर नभएको ।
मान्यताप्राप्त संस्थाको अनुमतिप्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।
प्रहरी जवान वा सो सरहको पदबाट अवकाश प्राप्त वा कम्तीमा ५ वर्षको सेवा अनुभव भएको ।
**२. छनौटको तरिका** : लिखित, शारीरिक तन्दुरुस्ती र अन्तर्वार्ता ।
३. परीक्षा सम्बन्धी समय तालिका पछि प्रकाशन गरिनेछ ।
४. दरखास्त पेश गर्ने अन्तिम मिति २०८१।०४।२८ गते कार्यालय समयभित्र मात्र रहनेछ । म्याद नाघी आएका दरखास्तउपर कुनै कारबाही गरिने छैन ।
५. नगरप्रहरी सेवासम्बन्धी कार्यक्षेत्रगत शर्तअनुसार कार्य गर्नु पर्नेछ ।
६. सेवा सुविधासम्बन्धी तथा अन्य विवरण गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।
७. दरखास्त साथमा नागरिकता प्रमाणपत्रको छायाँकपि, शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँकपि, रकम जम्मा गरेको रसिद वा निस्सा भौचर र यसअघि नेपाल सरकार वा विदेशी सरकारको जङ्गी, सशस्त्र वा जनपद सेवामा काम गरेको अनुभवको प्रमाण समेत अनिवार्य रुपमा स्वयम्ले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
८. थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क नं ९८५५०७६६४१ मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**अध्यक्षः-९८५५०७७६०१, प्र.प्र.अः-९८५५०८८८६६**

www.raksirangmun.gov.np, info@raksirangmun.gov.np, raksirang.rmc@gmail.com


# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## मेरी आमा



अमेश्का मैनाली

आमा तिमी हौ मायाकी खानी
दुनियाँको सबैभन्दा ठूलो दानी ।

हात समाएर क, ख, ग लेख्न सिकायौ
नातेदार, इस्टमित्र सबलाई चिनायौ ।

बढ्दै गयो तिम्रो माया हरेक वर्ष
देख्नासाथ तिमीलाई हुन्छु म सधैं हर्षित ।

गंगासरह पवित्र तिम्रो मन
चाहिँदैन तिमीलाई गाडी न त धन ।

आफू भन्दा पहिला खुवाउँछौ हामीलाई खाना
अनि आफू खान्छौ एक दुई सिता दाना ।

*कक्षा-७*



बुक फ्री फ्राइडेअन्तर्गत बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका विद्यार्थी विविध क्रियाकलापमा सहभागी हुँदै ।



बुक फ्री फ्राइडेअन्तर्गत बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका विद्यार्थी विविध क्रियाकलापमा सहभागी हुँदै ।

## भानुभक्त आचार्य



सम्पदा अर्जेल

नेपालको एक महान कवि थिए उनी
शान्त वातावरणमा रमाउने व्यक्ति थिए उनी
राख्थे उनी कृतिहरुलाई सर्वोच्च मानी
कथा, कविता, उपन्याय लेख्ने थिए बुद्धिमानी

धनञ्जय र धर्मावतीदेवी थिए उनका पिता-माता
कथा, कविता, उपन्यासका थिए उनी दाता
तनहुँ जिल्लामा भयो उनको जन्म
कृतिहरु रच्न उनी साह्रै थिए मग्न

आदिकवि उपाधिले भए उनी सम्मानित
शान्त स्वभाव भएका उनी थिए स्वाभिमानी
उनका कृतिहरु छन् अझै अमर
सम्झन्छन् सबैले उनलाई भए पनि मरण ।

*कक्षा-७*

### हेटौँडा उपमहानगरको राजश्व वृद्धि विवाद

# करदाताको विरोधलाई सम्बोधन गर्नुपर्छः वडाअध्यक्ष सिग्देल



समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि वृद्धि गरेको राजश्वको दरमा करदाताको विरोधलाई उपमहानगरले सम्बोधन गर्नुपर्ने हेटौँडा-४ का वडाअध्यक्ष नवीन सिग्देलले बताउनुभएको छ। राजश्व परामर्श समिति, कार्यपालिका बैठक हुँदै नगर सभाबाट पारित भएको हेटौँडा उपमहानगरपालिकाको आर्थिक ऐनमा भएको व्यवस्थामाथि व्यवसायीले अहिलेको परिस्थितिमा विरोध गरेको विषयमा वडाअध्यक्ष सिग्देलले करदाता व्यवसायी, उद्यमी, सर्वसाधारणबाट विरोध र विमति भएपछि उपमहानगरले करदातालाई सम्झाउने, बुझाउने या त्यो हुन नसक्दा राजश्जको दरमा पुनरावलोकन गर्नुपर्ने स्पष्ट पार्नुभएको छ।

समृद्ध समाजसँग कुरा गर्नुहुँदै वडाअध्यक्ष सिग्देलले भन्नुभयो, “हिजो एउटा प्रक्रियाबाट राजश्वको दरमा स्थानीय सरकारले परिवर्तन गरेको हो । उक्त विषयमा अहिलेको आर्थिक मन्दी, व्यवसायी, उद्यमीका समस्या र आम करदाताले व्यवहारिक भएन भनेको विषयमा उपमहानगरपालिकाले सम्बोधन गर्नुपर्छ । नगरप्रमुख, उपप्रमुख भागेर हिँडेर हुन्न । आगामी कार्यपालिका बैठकमा यो विषयमा म नगरप्रमुख र उपप्रमुखलाई ध्यानाकर्षण गराउँछु। आवश्यक भयो भने नगर सभा नै बोलाएर भए पनि व्यवसायीको सरोकारको विषयलाई सम्बोधन गर्नुपर्छ ।”

राजश्व वृद्धिको विषयलाई लिएर व्यवसायीले विमति जनाउँदै नगर प्रमुखलाई ध्यानाकर्षण गराउन खोज्दा नगरप्रमुख मीना कुमारी लामाले समय दिइरहनुभएको छैन । गत शुक्रबार मकवानपुर उद्योग वाणिज्य संघका पदाधिकारीलाई सन्चो नभएको भनी कार्यकक्षमा ध्यानाकर्षणपत्र बुझ्न नमान्नुभएकी नगरप्रमुख सोही समय हेटौँडा बजारमा स्कुटरको शोरुम उद्घाटन गर्दै हुनुहुन्थ्यो । यस्तै शुक्रबार नै निर्माण व्यवसायी संघ मकवानपुरले पनि ध्यानाकर्षणपत्र बुझाउन खोज्दा समय नदिनुभएकी नगरप्रमुख लामाले आइतबार पनि आफू १९ नम्बर वडामा रहेको भन्दै कार्यकक्षमा उपस्थित हुनुभएन । नगर प्रमुख लामा र उपप्रमुख राजेश बानियाँ दुबैजनालाई नभेटेपछि आइतबार बिहान निर्माण व्यवसायी संघ मकवानपुरका महासचिव राजेन्द्रप्रसाद चौलागाई नेतृत्वको व्यवसायीको टोलीले प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई ज्ञापनपत्र बुझाएको छ।

आर्थिक मन्दी, खुम्चिएको आर्थिक कारोबारको अवस्थामा व्यापार, व्यवसायबाट पलायन भइरहेको यथार्थलाई नजरअन्दाज गर्दै स्थानीय सरकारले १३३ प्रतिशतसम्म राजश्व वृद्धि गरेको भन्दै व्यवसायीले तीव्र आलोचना गरिरहेको छ।

## गाँजासहित भारतीय नागरिक पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। शनिबार बिहान ११ बजे पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१५, रातोमाटेमा हेटौँडाबाट पथलैयातर्फ जाँदै गरेको बी आर ०१ बी जे ८४८३ नम्बरको स्यान्ट्रो कारको सुरक्षाजाँच गर्दा २५ केजी ५ सय ग्राम लागुऔषध गाँजासहित भारतीय नागरिक २० वर्षीय आदित्य कुमारलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद लिई प्रहरीले आदित्य कुमारलाई हिरासतमा राखी अनुसन्धान गरिरहेको छ।

## इकाई प्रमुख गिरीलाई स्वागत

समाज संवाददाता

हेटौँडाः शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको प्रमुखका रुपमा सुदीप गिरी आउनु भएको छ। इकाईका पूर्वप्रमुख दिनानाथ गौतमको शुक्रबार सरुवा भएपश्चात् आइतबारदेखि गिरी आधिकारिकरुपमा इकाईमा उपस्थित हुनुभएको हो।

समन्वय इकाई मकवानपुरले प्रमुख गिरीलाई स्वागत गर्दै कार्यबारे जानकारी दिएको इकाईकी शाखा अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो । प्रमुख गिरी शिक्षा विकास तथा समन्वय इकाई मनाङमा प्रमुखको रुपमा कार्यरत हुनुहुन्थ्यो। त्यसअघि नवलपरासीको शिक्षा विकास तथा समन्वय इकाईमा कार्यरत हुनुहुन्थ्यो । गिरीले इकाईमा सबैसँग समन्वय गर्दै काम गर्ने बताउनुभएको छ।

इकाईका पूर्वप्रमुख गौतम पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरमा सरुवा भई जानु भएको छ। गौतमले इकाईमा ३१ महिना १० दिन प्रमुखको रुपमा कार्य गर्नुभएको थियो । गौतम नुवाकोटबाट हेटौँडा सरुवा भई आउनुभएको थियो।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

## मकवानपुरमा ५३ प्रतिशत विद्यार्थी कक्षा १२ उत्तीर्ण

समाज संवाददाता

हेटौँडाः कक्षा-१२ को परीक्षामा मकवानपुर जिल्लामा करिब ५३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । शुक्रबार राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको नतिजाअनुसार मकवानपुरमा ५२ दशमलव ५९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन्।

१२ कक्षाको परीक्षामा अनुत्तीर्ण अर्थात् नन ग्रेडमा ४७ दशमलव ४१ प्रतिशत विद्यार्थी परेको राष्ट्रिय परीक्षा बोर्ड हेटौँडा शाखाका प्रमुख कृष्णप्रसाद घिमिरेले जानकारी दिनुभएको छ । बैशाख १४ गतेबाट सुरु भएको कक्षा-१२ को परीक्षामा मकवानपुरबाट नियमितर्फ ५ हजार ६ सय ९ जना विद्यार्थीहरु सहभागी भएका थिए।

मकवानपुरबाट २ हजार ९ सय ५० जना विद्यार्थी परीक्षामा उत्तीर्ण हुन सफल भएका छन् । अनुत्तीर्ण हुनेको संख्या २ हजार ६ सय ५९ रहेको छ। मकवानपुर जिल्लाको करिब ५३ वटा विद्यायलहरुबाट विद्यार्थीहरु कक्षा-१२ को परीक्षामा सहभागी भएका थिए। परीक्षा सञ्चालनका लागि मकवानपुरमा १९ वटा परीक्षा केन्द्र निर्धारण गरिएको थियो।

दुई वटासम्म विषयमा नन ग्रेड अर्थात् एनजी आएका विद्यार्थीहरुले भदौ २४ र २५ गते हुने मौका परीक्षामा सहभागी हुन पाउनेछन् भने दुईभन्दा बढी विषय लागेको विद्यार्थीहरु उक्त परीक्षामा सहभागी हुन पाउने छैनन् । मौका परीक्षामा सहभागी हुनका लागि नन ग्रेडेड परीक्षार्थीहरुले भदौ १४ गतेसम्मा बोर्डको खातामा ६ रुपैयाँको दरले रकम बुझाउनुपर्नेछ । बैशाख २६ गतेसम्म सञ्चालन भएको परीक्षालाई शान्तिपूर्ण ढंगबाट सम्पन्न गर्नका लागि परीक्षाअघि राष्ट्रिय परीक्षा बोर्ड हेटौँडा शाखाले १९ वटै केन्द्राध्यक्षहरुको उपस्थितिमा कक्षा-१२ को परीक्षा सञ्चालनसम्बन्धी अभिमुखीकरण कार्यक्रम गरेको थियो।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

### नगरसभा सदस्य बर्तौलाको खुलासा

# “नगरसभामा राजश्वको दर परिवर्तनसम्बन्धी छलफल नै भएको छैन”

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाको नगरसभा सदस्य सुरज बर्तौलाले नगरसभामा राजश्वको दर परिवर्तनसम्बन्धी छलफल र निर्णय नै नभएको खुलासा गर्नुभएको छ । नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, राजश्व शाखा प्रमुख मनोज सुवेदीले नगरसभाबाटै पारित भएको ऐनअनुसार राजश्वको दरमा परिवर्तन भएको दावी गर्दै आउनुभएका बेला नगरसभा सदस्य एवम् २ नम्बर वडा सदस्य सुरज बर्तौलाले गत असार ७ गते सम्पन्न नगरसभामा राजश्वको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै किसिमको छलफल र निर्णय नभएको दावी गर्नुभयो।

निर्माण व्यवसायी समेत रहनुभएका बर्तौला आइतबार निर्माण व्यवसायी संघका पदाधिकारीसँग नगरप्रमुखलाई ज्ञापनपत्र बुझाउन जाने क्रममा प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमसँगको छलफलमा यस्तो खुलासा गर्नुभएको हो । “असार ७ गते सम्पन्न भएको हेटौँडा उपमहानगरपालिकाको नगरसभामा राजश्वको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै छलफल र निर्णय भएको छैन”, नगरसभा सदस्य बर्तौलाले भन्नुभयो, “पछि आफुखुसी निर्णय लेखिएको भए त्यो मान्य हुन्न । बजेट



समेत ब्लकमा प्रस्तुत गरिएको थियो भने अझै बजेट पुस्तक तयार पार्न सकेको छैन।”

आइतबार बिहान हेटौँडा उपमहानगरपालिकामा नगरप्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँलाई कार्यकक्षमा नभेटेपछि व्यवसायीले प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्र बुझ्नुभएपछि प्रमुख प्रशासकीय अधिकृत गौतमले राजश्वको दर परिवर्तन गर्ने निर्णय नगरसभाले पारित गरेको र तत्काल नगरसभा बेलाएर राजश्वको दर सच्याउन नसक्ने जीकिर गर्नुभयो । प्रमुख प्रशासकीय अधिकृत गौतमको अभिव्यक्ति लगत्तै नगर सभा सदस्य वडा सदस्य सुरज बर्तौलाले नगर सभामा राजश्वको दर परिवर्तन गर्ने सम्बन्धी छलफल र निर्णय केही पनि नभएको दावी गर्नुभएको हो।

प्रमुख प्रशासकीय अधिकृत गौतमले नगर सभा बोलाउने विषयमा पनि गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिनुभएको छ। नगरसभा आयोजना गर्दा ठूलो रकम खर्च हुने भएकोले तत्काल नगरसभा बोलाउन सम्भव नभएको उहाँको भनाइ थियो । “नगरसभा बोलाउँदा ठूलो रकम खर्च हुन्छ। त्यसैले नगर सभा बोलाउन सम्भव छैन”, प्रमुख प्रशासकीय अधिकृत गौतमले भन्नुभयो, “तपाइँहरुका लागि हामी नवीकरणको म्याद थप गर्ने निर्णय गर्न सक्छौं। त्यसकै आधारमा तपाइँहरुको विषयमा पुस मसान्तको नगर सभामा सम्बोधन गर्न सकिन्छ।” प्रमुख प्रशासकीय अधिकृतको भनाइपछि व्यवसायीले भने समयमै नवीकरण नगरे निर्माण कार्यको ठेक्का खुल्दा प्रस्ताव पेश गर्न नपाइने भन्दै तत्काल करको दर साविककै कायम गर्ने गरी सच्याउन नगरसभा बोलाउन माग गरेका छन्।

हेटौँडा उपमहानगरपालिकामा कार्यपालिका बैठकको निर्णय समेत समयमै लेखेर कार्यपालिका सदस्यहरुलाई हस्ताक्षर गराउने प्रचलन छैन भने नगरसभा बैठकको निर्णय पनि पछि लेखेर निर्णय गरेको हुन सक्ने अनुमान गरिएको छ । हेटौँडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम पुस्तिका समेत अझै तयार पार्न सकेको छैन।

## फोटोग्राफी तालिम सम्पन्न

समाज संवाददाता

हेटौँडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौँडा क्याम्पस समितिको आयोजनामा एक साताको फोटोग्राफीसम्बन्धी तालिम तथा कार्यशाला आइतबार सम्पन्न भएको छ। हेटौँडाका विभिन्न क्याम्पसमा अध्ययनरत ८० जना विद्यार्थी तालिम तथा कार्यशालामा सहभागी भएका थिए। स्ववियु अध्यक्ष अभि मैनालीको अध्यक्षता तथा बागमती प्रदेश सभामा नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाको प्रमुख आतिथ्यमा तालिम तथा कार्यशालामा सहभागीलाई प्रमाणपत्र वितरण गरिएको छ। क्याम्पस तहमा अध्ययनरत विद्यार्थीका लागि सीप विकास तथा स्वरोजगारको अवसर रहने अपेक्षासहित तालिमको आयोजना गरिएको स्ववियु अध्यक्ष अभि मैनालीले जानकारी दिनुभएको छ।

हाम्रो सुमो सेवाको
नयाँ प्रस्तुती...

छिट्टै सञ्चालनमा आउँदै ।

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा

२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौँडा-काठमाडौं-हेटौँडा
हेटौँडा-बीरगन्ज-हेटौँडा
साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
भेष खड्गी, सञ्चालक
हाम्रो सुवो सेवा
हेटौँडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३